# आर्थिक वर्ष २०८३।०८४
# को
# बजेट वक्तव्य

केदारस्युँ गाँउपालिका

**केदारस्युँ गाउँपालिका**
**देउरा, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**
**२०८३**

गाउँ सभाको  उन्नाइसौँ अधिबेशनमा २०८३ साल अषाढ ०९ गते मंगलवार
बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एंव गाउँपालिका उपाध्यक्ष श्री मनिषा धामीले
प्रस्तुत गर्न भएको

# आर्थिक वर्ष २०८३।०८४ को
# बजेट वक्तव्य

**केदारस्युँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय देउरा, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**
**२०८३**

केदारस्युँ गाउँपालिका

**सम्मानित सभाका**

**सभाध्यक्षज्यू,**

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना भएपश्चात् गठित स्थानीय सरकारको दोस्रो कार्यकालको अन्तिम आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम यहाँहरू माझ प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ । मुलुकलाई यस ऐतिहासिक मोडसम्म पुऱ्याउन आफ्नो जीवनपर्यन्त योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका अग्रज व्यक्तित्वहरू, विभिन्न आन्दोलन एवं सङ्घर्षमा जीवनको उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात अमर सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, घाइते, अपाङ्गता भएका व्यक्ति तथा बेपत्ता परिवारहरू, नागरिक समाजका अगुवाहरू एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरू प्रति विशेष सम्मान तथा आदरभाव सहित स्मरण गर्न चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/०८३ को उपलब्धि सहितको प्रगति समीक्षा र आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्षमा यस केदारस्यूँ गाउँपालिका क्षेत्रभित्र तथा बाह्य क्षेत्रमा भएका विभिन्न प्राकृतिक प्रकोप, दैवीय विपत्ति र सवारी दुर्घटनाबाट आफ्नो अमूल्य जीवन गुमाउनु हुने नागरिकहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सुदूरपश्चिम प्रदेश अन्तर्गतको अति विकट तथा पिछडिएको हिमाली जिल्ला बझाङको भौगोलिक विशिष्टतामा अवस्थित यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्नु, छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्नु र न्युन स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्नु यस बजेटको मुख्य उद्देश्य रहेको छ । बहुक्षेत्रलाई समेट्ने गरी कार्यान्वयन गर्न योग्य, ठोस परिणाममुखी र जनपक्षीय कार्यक्रमहरू सञ्चालन गर्न यो बजेट ल्याइएको जानकारी गराउन चाहन्छु ।

प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम नेपालको वर्तमान संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोह्रौँ पञ्चवर्षीय आवधिक योजना, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय नीतिहरू, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, केदारस्यूँ गाउँपालिकाको पहिलो आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको मार्गदर्शनका आधारमा तयार गरिएको छ । यसलाई आवश्यकतामुखी र उपलब्धिमूलक बनाउन विभिन्न तहबाट प्राप्त सल्लाह, सुझाव र सिकाइहरूलाई समेटिएको छ । यस बजेटको पूर्ण कार्यान्वयनबाट गाउँपालिकाको अपेक्षित उद्देश्यहरू हासिल गर्न सघाउ पुग्ने विश्वास मैले लिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानित सभामा गाउँपालिकाको संक्षिप्त पृष्ठभूमि प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राज्यको पुनर्संरचनासँगै सुदूरपश्चिम प्रदेशको हिमाली जिल्ला बझाङका साविकका ४ वटा गा.वि.स.हरू—भैरवनाथ, रायल, बाँझ र भामचौर मिलेर यो केदारस्यूँ गाउँपालिका बनेको हो । यो क्षेत्र धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिने 'केदार देवता' को नामबाट चिरपरिचित छ । बाइसे–चौबिसे राज्य सञ्चालनको कालखण्डमा यस क्षेत्रलाई 'दरा' तथा 'भेग' को रूपमा विभाजित गर्दा 'स्यूँदरा' कायम गरिएको थियो । तसर्थ, केदार देवता र स्यूँदरा भेगको ऐतिहासिकतालाई मिश्रण गरी यस गाउँपालिकाको नाम 'केदारस्यूँ गाउँपालिका' राखिएको हो ।

बझाङ जिल्लाकै होचो धरातलीय विशेषता झल्काउने यो गाउँपालिकाले जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत (११३.९१ वर्ग कि.मी.) भू–भाग ओगटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कुल घरधुरी सङ्ख्या ४,२९६ र कुल जनसङ्ख्या २१,३१२ रहेको छ ।

केदारस्यूँ गाउँपालिका

**चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रगति समीक्षा**

**सभाध्यक्ष महोदय,**

यस सम्मानित सभामा अब म चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको मुख्य ५ वटा क्षेत्रको नीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. बजेट तथा वित्तीय स्थितिको संक्षिप्त झलक**

चालु आ.व. २०८२/०८३ मा यस गाउँपालिकाको कुल विनियोजित बजेट, हालसम्मको खर्च र आन्तरिक राजस्व संकलनको वित्तीय अवस्था निम्नानुसार रहेको छ:

अब म **चालु आ. व. २०८२।०८३ को बार्षिक प्रगतिको सक्षिप्तमा जानकारी गराउछुँ ।**

**क) प्रशासनिक तथा चालु प्रकृतिका कार्यक्रमहरू:**

अ) संघीय सरकार (राजस्व बाँडफाँड): रु. ८,९७,८२,१३३.००

आ) प्रदेश सरकार: रु. २१,२४,०००.००

**ख) पूँजीगत तर्फ:**

अ) संघीय सरकार (समानीकरण अनुदान): रु. ११,४६,००,०००.००

आ) प्रदेश सरकार: रु. १,०८,६०,०००.००

**ग) ससर्त अनुदान:**

अ) संघीय सरकार (चालु): रु. २७,७६,००,०००.००

आ) संघीय सरकार (पूँजीगत): रु. ३,१७,००,०००.००

इ) प्रदेश सरकार (ससर्त): रु. ६५,००,०००.००

**घ) विशेष अनुदान :**

अ) संघीय सरकार (पूँजीगत): रु. ६८,००,०००.००

आ) प्रदेश सरकार (चालु): रु. २५,००,०००.००

इ) प्रदेश सरकार (पूँजीगत): रु. ५०,००,०००.००

**ङ) समपूरक अनुदान:**

अ) संघीय सरकार (पुँजीगत): रु. ६८,००,०००.००

आ) प्रदेश सरकार (पुँजीगत): रु. १,०२,००,०००.००

**च) अन्य स्रोत:**

- **स्थानीय निकायको राजस्व बाँडफाँड र आन्तरिक अल्या:** रु. १,११,१०,२२२.१६
- **कुल विनियोजित बजेट (चालु तथा पुँजीगत):** रु. ५७,५५,७६,३५५.१६ (अक्षरुपि: सन्ताउन्न करोड, पचपन्न लाख, छहत्तर हजार, तीन सय पचपन्न रुपैयाँ र सोह्र पैसा)
- **हालसम्मको कुल खर्च:** रु. ४१,९२,३३,९३०.९८ (अक्षरुपी: एकचालिस करोड, बयानब्बे लाख, तेत्तीस हजार, नौ सय तीस रुपैयाँ र अनठान्बे पैसा) — *कुल बजेटको करिब ७२.८३% प्रगति भएको छ ।*
- **अनुमानित आन्तरिक आम्दानी:** रु. ६७,००,०००.०० (अक्षरुपी: सत्तसट्ठी लाख रुपैयाँ)
- **हालसम्मको वास्तविक राजस्व संकलन:** रु. ३७,८८,९२६.६५ (अक्षरुपी: सैँतीस लाख, अठासी हजार, नौ सय छब्बीस रुपैयाँ र पैँसट्ठी पैसा) — *लक्ष्यको करिब ५६.५५% प्रगति।*

**सभाध्यक्ष महोदय,**

## २. क्षेत्रगत नीति तथा कार्यक्रमको प्रगति विवरण

### क) आर्थिक विकास क्षेत्र

गाउँपालिकाको आर्थिक समृद्धि, कृषि आधुनिकीकरण, पशुपालन र उद्यमशीलता विकासका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्:

- **महिला आयआर्जन तथा उद्यमशीलता:** महिलाहरूको आर्थिक सबलीकरणका लागि अल्लो तथा भाङ्गो प्रशोधन, कपडा तथा झोला उत्पादन, तेल उत्पादन सम्बन्धी व्यावसायिक तालिम र उद्यमशीलता विकासका लागि विभिन्न मेसिन तथा उपकरणहरू वितरण गरिएको छन्।
- **कृषि प्रवर्द्धन:** आलु पकेट क्षेत्र विकास, किसान सूचीकरण, साना सिँचाइ आयोजना, व्यावसायिक तरकारी खेती प्रवर्द्धन, उन्नत बीउबिजन तथा आधुनिक कृषि औजार वितरण, कृषक क्षमता विकास र फलफूलका बोटबिरुवा वितरण क्रियाकलापहरु गरिएको छन्।
- **पशु सेवा तथा खोप अभियान:** कृषकहरूलाई बाख्रा वितरण, पशुहरूको नस्ल सुधारका लागि कृत्रिम गर्भाधान र औषधि वितरण; बाख्राहरूलाई पी.पी.आर. (PPR) खोप तथा घरपालुवा एवं छाडा कुकुर र बिरालाहरूलाई रेबिज विरुद्धको खोप कार्यक्रम सञ्चालन गरिएका छन
- **एक वडा एक उद्योग:** 'एक वडा एक उद्योग' को अवधारणा अनुरूप स्थानीय उद्योगहरूलाई प्रवर्द्धन गर्न आवश्यक मेसिनरी औजार तथा उपकरणहरू खरिद एवं वितरण गरिएको छ।

### ख) सामाजिक विकास क्षेत्र

स्वास्थ्य, शिक्षा र सामाजिक संरक्षणको स्तर उकास्न गाउँपालिकाले निम्न उपलब्धिहरू हासिल गरेको छ:

- **स्वास्थ्य सेवामा पहुँच:** आधारभूत स्वास्थ्य केन्द्रहरू सुचारु गर्न आवश्यक कर्मचारी व्यवस्थापन र औषधि खरिद; गर्भवती महिलाहरूका लागि गाउँपालिकामै **निःशुल्क भिडियो एक्स-रे (USG) जाँच** तथा गर्भवती र सुत्केरी महिलाहरूका लागि **निःशुल्क एम्बुलेन्स सेवा** र 'घर-घरमा स्वास्थ्यकर्मी' सम्बन्धी स्वास्थ्य गतिविधिहरू सम्पन्न गरिएका छन्।
- **शैक्षिक सुधार र भौतिक विकास:** स्वयंसेवक शिक्षक व्यवस्थापन, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण, विद्यालय व्यवस्थापन समिति र शिक्षक/कर्मचारीहरूका लागि क्षमता विकास तालिम सञ्चालन गरिएका छन्।
- **शैक्षिक सामग्री र पूर्वाधार:** सबै विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक तथा छात्रवृत्ति वितरण; विद्यालय भवन तथा छात्रामैत्री शौचालय निर्माण; पुस्तकालय, **ICT ल्याब र विज्ञान प्रयोगशाला** स्थापना। अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षाहरू सञ्चालन गरिएका छन्।
- **लक्षित वर्ग प्रोत्साहन:** प्राविधिक शिक्षालयका विद्यार्थी, विपन्न, अनाथ र जोखिममा रहेका बालबालिकाहरूलाई सिकाइमा प्रोत्साहन गर्न छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरिएका छ।
- **सचेतना तथा समावेशीकरण:** बाल तथा युवा भेला, किशोर-किशोरी सम्मेलन र महिला सशक्तीकरणका व्यावसायिक तालिम। समाजमा व्याप्त महिला तथा लैङ्गिक हिंसा, छुवाछुत, बालविवाह, छाउपडी प्रथा, आत्महत्या दुरुत्साहन, सामाजिक सञ्जालको दुरुपयोग र दुर्व्यवहार न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएका छन्।
- **अपाङ्गता, दलित र पुनर्स्थापना:** अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गमैत्री सामग्री हस्तान्तरण; लागुपदार्थ दुर्व्यसनीमा परेकाहरूलाई सुधार केन्द्रमा उपचार, मनोपरामर्श र पुनःस्थापना; दलित समुदायको गुणस्तरीय जीवनयापनका लागि परम्परागत सीप विकास तथा संरक्षण कार्यक्रमहरु सम्पन्न गरिएका छन्।

**ग) पूर्वाधार विकास क्षेत्र**

भौतिक पूर्वाधार तर्फका ठुला र गौरवका आयोजनाहरू निर्माणको अन्तिम चरणमा पुगेका छन्:

- **स्वास्थ्य तथा प्रशासनिक भवन:** १५ शय्याको अस्पताल भवन निर्माण कार्य **९५ प्रतिशत सम्पन्न** भएको छ। गाउँपालिकाको प्रशासकीय भवन र शीतगृह (Cold Storage) भवन निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएको छ।
- **सडक तथा यातायात:** केदारस्युँ गाउँपालिका अन्तर्गत **३० किलोमिटर कच्ची ग्रामीण सडक** निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न भएको छ।
- **धार्मिक तथा सांस्कृतिक पर्यटन:** चार धाम (केदार, कैलाश, भैरव, त्रिवेणी) विकास योजना अन्तर्गत केदार मन्दिर निर्माण कार्य सम्पन्न; अन्य वडाहरूमा रहेका मन्दिरहरूको मर्मत सम्भार कार्य अगाडी बढीरहेको छ।
- **वडास्तरीय भौतिक पूर्वाधार:** नमुना विद्यालयको भौतिक संरचना निर्माण कार्य अन्तिम चरणमा पुगेको; विभिन्न वडाहरूमा सिँचाइ कुलो, खानेपानी आयोजना निर्माण तथा मर्मत, पदमार्ग निर्माण, विद्यालय भवन, घेराबारा र शौचालय निर्माण/मर्मत सम्पन्न भएको छ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण, वातावरण संरक्षण र नागरिक राहतका लागि निम्न कार्यहरू गरिएका छन्:

- **पूर्वाधार पुनर्निर्माण:** बाढी तथा पहिरोले क्षति पुर्‍याएका सिँचाइ कुलो र खानेपानी आयोजनाहरूको आकस्मिक पुनर्निर्माण तथा मर्मत। प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त घरहरू तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण र पुनःस्थापना कार्य निरन्तर छ।
- **बस्ती संरक्षण (बायो-इन्जिनियरिङ):** जोखिमयुक्त बस्ती र सडकहरू बचाउन बायो-इन्जिनियरिङ (Bio-engineering) प्रविधि र तटबन्धन (Embankment) कार्य भै रहेको छ।
- **विपद् व्यवस्थापन र राहत:** भूकम्पबाट क्षति भएका घरपरिवारहरूको द्रुत क्षति मूल्याङ्कन (DDA) कार्य सम्पन्न गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाइएको। विपद् जोखिम न्यूनीकरणका लागि राहत सामग्री खरिद गरी वडाहरूमा वितरण; प्राकृतिक विपत्ति र दुर्घटनाबाट ज्यान गुमाउनेका परिवारलाई राहत रकम उपलब्ध गराइएको छ।
- **स्वास्थ्य सहायता:** विपन्न तथा दीर्घरोगीहरूको औषधि उपचारका लागि आर्थिक सहयोगको व्यवस्था गरिएका छन्।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

प्रशासनिक चुस्तता, पारदर्शिता र डिजिटल सञ्चालनमार्फत सुशासन प्रवर्द्धन गरिएको छ:

- **डिजिटल र वित्तीय सेवा:** सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै वडा कार्यालयहरूमा इन्टरनेट सेवा सुचारु, **विद्युतीय माध्यमबाट भुक्तानी (E-Payment)** को व्यवस्था गरिएको छ।
- **जबाफदेहिता र सुशासन:** गाउँपालिकाको कामकारबाहीलाई पारदर्शी बनाउन **सार्वजनिक सुनुवाइ** र जे.सी. अडिट जस्ता कार्यक्रमहरू सम्पन्न
- **संस्थागत योजनाहरू:** गाउँपालिकाको मानव संसाधन व्यवस्थापन, कर्मचारी सङ्गठन तथा व्यवस्थापन (O&M), आवधिक योजना (Periodic Plan), मध्यकालीन खर्च संरचना (MTEF), राजस्व सुधार योजना र आन्तरिक राजस्व प्रणाली व्यवस्थापन सम्बन्धी रणनीतिक कार्यहरू सम्पन्न गरिएको छन्।
- **कार्यालय सुदृढीकरण:** वडा कार्यालयहरूबाट सेवा प्रवाहलाई सहज बनाउन नयाँ भवन निर्माण कार्यहरू निरन्तर सञ्चालनमा रहेका; पालिका तथा वडा कार्यालयहरूको नियमित सञ्चालनका लागि आवश्यक मसलन्द सामग्री, फर्निचर, कम्प्युटर र प्रिन्टरहरू खरिद गरी व्यवस्थापन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अन्तमा, सिमित स्रोत र साधनका बाबजुद चालु आर्थिक वर्षको यो अवधिमा हामीले हासिल गरेका यी उपलब्धिहरू सुखद र उत्साहजनक छन्। बजेट र कार्यक्रमलाई सफल बनाउन अहोरात्र खटिनुहुने जनप्रतिनिधिहरू, कर्मचारी मित्रहरू, उपभोक्ता समिति र सम्पूर्ण गाउँवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो संक्षिप्त समीक्षा यही टुङ्ग्याउँछु।

**सभा अध्यक्षज्यू,**

अब म यस गरिमामय सभामा केदारस्युँ गाउँपालिकाको स्थानीय सरकारको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले आगामी आर्थिक वर्ष २०८३।०८४ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

१. सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै नागरिक स्वतन्त्रता र मुक्तिका लागि जीवन पर्यन्त संर्घष गर्नुहुने नेतागणहरुमा हार्दिक सम्मान गर्दै आदरणीय अग्रज राजनितिज्ञहरुमा उच्च सम्मान व्यक्त गर्दछु।

२. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतिका कारण यस पालिकाको आर्थिक कार्य प्रणालीमा आइपरेका समस्याहरुलाई न्यूनिकरण गर्न, दीगो आर्थिक वृद्धि सहितको आन्तरिक सबल अर्थतन्त्र निर्माण गर्न आगामी आर्थिक वर्षको बजेट व्यवस्थापन गरेको छु। आम जनताको समृद्धिको चाहनालाई आत्मसाथ गर्दै पछाडी परेका वर्ग, लिङ्ग, क्षेत्र र समुदायलाई आर्थिक लाभको पहुँच सुनिश्चित गर्न बजेट तथा कार्यक्रम लक्षित गरेको छु।

३. यस सम्मानित सभा मार्फत गाउँपालिकाको हित चाहने र विकासको यात्रामा हातेमालो गर्ने समस्त शुभचिन्तक सहयोगी साझेदार संघसंस्थाहरु, पत्रकार मित्रहरु, सामुदायिक रेडियो लगायत पालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुलाइ हार्दिक धन्यबाद व्यक्त गर्दछु।

४. जनताको नजिकको सरकारका हिसाबले जनभावना अनुसार सरकार सञ्चालनका लागी आवश्यक ऐन, नियम, कानून तथा कार्यविधि निर्माण गरि कार्यान्वयनको चरणमा छौ। सामाजिक, आर्थिक, भौतिक, पूर्वाधार र संस्थागत विकासका क्षेत्रमा **"समृद्ध केदारस्युँ"** निर्माणको आधार तयार गर्ने दिशामा अग्रसर छौ।

**सभा अध्यक्षज्यू,**
**गाउँ सभा सदस्यहरु,**

५. प्रतिकुल अवस्थामा गाउँबासीको जीवन रक्षा र भविष्य प्रति सजक रही विकासको लयमा लैजाने गरि चालु आर्थिक वर्षका क्रमागत योजना तथा कार्यक्रमको प्रभावकारिता र महत्त्व हेरेर योजना र कार्यक्रमलाई निरन्तरता दिएको छु। परिस्थितिले सिर्जना हुने रोग, भोक र बेरोजगारी न्यूनिकरण गर्ने गरि बजेट व्यवस्था गरेको छु।

६. "**समृद्ध केदारस्युँ निर्माणको मुल आधारः शिक्षा, स्वास्थ्य, कृषि, उधोग, पर्यटन र बन पैदावार**" को आकांक्षा हासिल गर्न स्वस्थ गुणस्तरीय शैक्षिक जनशक्तिको माध्यमबाट व्यवसायिक, कृषि, उधोग र पर्यटनको आधारशिल तयार गरि केदारस्युँबासीको जिवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ।

**सभा अध्यक्षज्यू,**

**अब म आगामी आर्थिक बर्ष २०८३।०८४ मा सञ्चालन गरिने मुख्य मुख्य कार्यक्रमहरुका बारेमा सक्षिप्तमा जानकारी गराउन चाहन्छु।**

आर्थिक वर्ष २०८३/०८४ का लागि यस गाउँपालिकाले कुल **रु ६२,१६,०३,०००/-** (अक्षरेपी बासट्ठी करोड सोह्र लाख तीन हजार रुपैयाँ मात्र) को बजेट विनियोजन गरेको छ।

गाउँपालिकालाई सहयोग गर्ने विकासका साझेदारहरू, सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू एवं बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यलाई अक्षुण्ण राख्दै गाउँ समृद्धिको यात्रालाई निरन्तरता दिइएको छ। यस आर्थिक वर्षका लागि आयका स्रोतहरूको विस्तृत विवरण निम्न अनुसार रहेको छ:

**१. संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व**

- वित्तीय समानीकरण अनुदान: रु ११,६५,००,०००/- (एघार करोड पैंसठ्ठी लाख रुपैयाँ)
- शशर्त अनुदान: रु ३१,१४,००,०००।- ( एकतिस करोड चौध लाख रुपैयाँ )
- राजस्व बाँडफाँड: रु ९,३२,०९,०००/- *(नौ करोड बत्तीस लाख नौ हजार रुपैयाँ)*
- विशेष अनुदान: रु १,८०,००,०००/- *(एक करोड असी लाख रुपैयाँ)*
- समपूरक अनुदान: रु ६०,००,०००/- *(साँठी लाख रुपैयाँ)*

**२. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व**

- वित्तीय समानीकरण अनुदान: रु १,११,२४,०००/- *(एक करोड एघार लाख चौबीस हजार रुपैयाँ)*
- शशर्त अनुदान: रु ४,००,००,०००।- ( चार करोड रुपैयाँ )
- समपूरक अनुदान: रु ९२,०८,०००/- *(बयानन्वे लाख आठ हजार रुपैयाँ)*
- विशेष अनुदान: रु ६६,५०,०००/- *(छयासठ्ठी लाख पचास हजार रुपैयाँ)*
- राजस्व बाँडफाँड: रु २७,६२,०००/- *(सताइस लाख बासठ्ठी हजार रुपैयाँ)*

**३. आन्तरिक स्रोत**

- अनुमानित आन्तरिक राजस्व: रु ६७,५०,०००/- *(सतसठ्ठी लाख पचास हजार रुपैयाँ)*

**सभा अध्यक्षज्यू,**

गाउँपालिकाको समग्र विकास, समृद्धि र नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने संकल्पका साथ यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमलाई मूर्त रूप दिन म बजेटका प्राथमिकताहरू तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु।

**बजेटका मुख्य प्राथमिकताहरू:**

आगामी आर्थिक वर्षको बजेट मुख्यत: देहायका प्राथमिकताहरूमा केन्द्रित रहनेछ:

१. कृषि उत्पादनमा वृद्धि, व्यावसायीकरण र आत्मनिर्भरता
२. युवा स्वरोजगार, उद्यमशीलता र स्थानीय बजारको विकास
३. धार्मिक तथा ऐतिहासिक क्षेत्रको प्रवर्द्धनमार्फत पर्यटन विकास
४. शिक्षाको गुणस्तर सुधार र स्वास्थ्य सेवाको सुदृढीकरण
५. गुणस्तरीय र रणनीतिक पूर्वाधार निर्माणको निरन्तरता
६. सामाजिक सुरक्षा, समावेशी विकास र सुशासनको प्रत्याभूति
७. विपद् जोखिम न्यूनीकरण तथा वातावरण संरक्षण

**सभा अध्यक्षज्यू,**

**क) कृषि, पशुपालन तथा आर्थिक विकास:**

कृषि क्षेत्रलाई उत्पादनमुखी र आत्मनिर्भर बनाउन **'एक वडा, एक उत्पादन'** र रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई विशेष प्राथमिकताका साथ निरन्तरता दिएको छ। कृषि क्षेत्रमा आयात प्रतिस्थापन गर्ने देहाय बमोजिमका कार्यक्रम र बजेटको व्यवस्था गरेको छ:

- व्यावसायिक कृषि, फलफूल, तरकारी, मसला तथा नगदेबाली उत्पादनका लागि आवश्यक बजेट व्यवस्था गरेको छ।

- कृषि उत्पादन वृद्धि गर्न तथा उत्पादित सामग्रीको सुरक्षित भण्डारणका लागि सिँचाइ, कृषि सडक, शीतभण्डार (Cold Storage) र बजार पूर्वाधार निर्माण कार्यका लागि बजेट विनियोजन गरेको छु।
- दुग्ध, पशुपन्छी तथा बाख्रापालन व्यवसायलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि बजेटको व्यवस्था गरेको छु।
- पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र कृषकहरूको लगानी सुरक्षित गर्न पशु तथा पशुपंक्षी बीमाको ५० प्रतिशत प्रिमियम (बीमाङ्क रकम) गाउँपालिकाले बेहोर्ने गरी अनुदानको लागि बजेट छुट्याएको छु।
- बहुमूल्य स्थानीय जडीबुटीहरूको अवैध संकलन तथा बिक्रीवितरणमा कडा नियन्त्रण गरी स्थानीय स्तरमै प्रारम्भिक प्रशोधन केन्द्र स्थापना गर्न निजी तथा सहकारी क्षेत्रसँग साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**ख) रोजगार, उद्यमशीलता र स्थानीय उद्योग:**

स्थानीय तहमा नै पर्याप्त रोजगार र स्वरोजगारका अवसर सिर्जना गर्न गाउँपालिकाले विशेष ध्यान दिएको छ:

- युवाहरूलाई स्वरोजगार बनाउन सीप विकास, उद्यमशीलता तथा बजारको माग अनुरूपको रोजगारमूलक तालिम कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।
- स्थानीय र रैथाने उत्पादनहरूको संकलन, ब्राण्डिङ र बजारीकरण गरी **'केदारस्युँ ब्राण्ड'** का रूपमा देशैभरी विकास र प्रवर्द्धन गर्ने प्रबन्ध मिलाएको छु।

**ग) पर्यटन तथा सांस्कृतिक सम्पदा संरक्षण**

धार्मिक पर्यटनलाई यस गाउँपालिकाको आर्थिक मेरुदण्डको रूपमा स्थापित गर्न विकास आयोजनाहरूलाई अगाडि बढाइनेछ:

- **केदार–कैलाश–भैरव–त्रिवेणी (चारधाम) परियोजना** लाई गाउँपालिकाको गौरवको आयोजना (Project of Pride) को रूपमा विकास गरी धार्मिक तथा पर्यटकीय केन्द्रको रूपमा स्थापित गर्न पर्याप्त बजेट व्यवस्था गरेको छु।
- हाम्रो पहिचानको रूपमा रहेका स्थानीय भाषा, कला, संस्कार तथा परम्पराको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**घ) सामाजिक विकास: शिक्षा, स्वास्थ्य र खानेपानी**

मानव विकास सूचकाङ्कमा सुधार ल्याउन शिक्षा र स्वास्थ्य क्षेत्रमा रूपान्तरणकारी कदम चालिनेछ:

- सामुदायिक विद्यालयहरूमा डिजिटल शिक्षा, *Career Counseling* र शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू सञ्चालन गर्नका लागि बजेट व्यवस्था गरेको छु।
- विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा र प्राविधिक शिक्षामा पहुँच पुऱ्याउन छात्रवृत्ति तथा शैक्षिक सहयोगको लागि बजेट व्यवस्था गरेको छु।
- कार्यसम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट ठहरिएका योग्य शिक्षक तथा कर्मचारीहरूलाई पुरस्कृत र प्रोत्साहित गर्न बजेटको व्यवस्था गरेको छु।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि सबै स्वास्थ्य संस्थाहरूमा आवश्यक आधुनिक चिकित्सा सामग्री तथा उपकरणहरू खरिद गर्न बजेट व्यवस्था गरेको छु।
- रायल प्राथमिक स्वास्थ्य केन्द्रलाई **केदारस्युँ आधारभूत अस्पताल** मा स्तरोन्नति गरी विशेषज्ञ सेवा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्थापन गर्न बजेट विनियोजन गरेको छु।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब र सामाजिक बहिस्करणमा परेका वर्गको उत्थानका लागि उत्थानशील कार्यक्रमहरू सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु।

केदारस्युँ गाउँपालिका

- **"एकीकृत समुदाय स्वास्थ्य शिक्षा तथा पोषण"** प्रवर्द्धन कार्यक्रम र **"एक घर, एक धारा"** नीति अनुरूप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराउन खानेपानी तथा सिँचाइ आयोजनाहरूलाई 'लक परियोजना' मार्फत कार्यान्वयन गर्न बजेट व्यवस्था गरेको छु।

**सभा अध्यक्षज्यू,**

**ङ) समावेशी विकास, लक्षित वर्ग र खेलकुद**

"कोही पनि पछाडि नपरुन" भन्ने मूल मान्यताका साथ सामाजिक समावेशीकरणका कार्यक्रमहरूका लागि बजेटमा विशेष जोड दिएको छु:

- **लैंगिक हिंसा, बालविवाह, छाउपडी प्रथा, लागूपदार्थ दुर्व्यसन, जुवातास, सामाजिक सञ्जालको दुरुपयोग र आत्महत्या** जस्ता सामाजिक विकृतिहरू निरूपणका लागि सचेतनावूलक कार्यक्रम र पुनःस्थापना कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- बालअधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्न र **महिला, दलित, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदाय लक्षित** कार्यक्रमहरूका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- अपाङ्गता भएका व्यक्तिहरू **(क, ख र ग वर्ग)** का लागि नि:शुल्क स्वास्थ्य बीमाको पूर्ण सुनिश्चितता गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।
- **"सक्षम युवा सक्षम देश, खेलकुद मार्फत एकताको सन्देश"** भन्ने नारालाई आत्मसात गर्दै युवा नेतृत्व विकास र खेलकुद पूर्वाधार (खेलकुद मैदान तथा कभर्ड हल) निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**च) भौतिक पूर्वाधार, विद्युत तथा सूचना प्रविधि**

गाउँपालिकाको कनेक्टिभिटीलाई सुदृढ र आधुनिक बनाउन भौतिक पूर्वाधारका आयोजनालाई तीव्रता दिइनेछ:

- गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय जोड्ने सडक र अधुरा सडकहरूलाई विभिन्न बस्तीसम्म विस्तार तथा स्तरोन्नति (कालोपत्रे/ग्राभेल) गर्ने कार्यका लागि बजेट व्यवस्था गरेको छु।
- भौगोलिक विकटतालाई कम गर्न पुल, पदमार्ग र झोलुङ्गे पुल लगायतका सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।
- हालसम्म विद्युतको पहुँच नपुगेका दुर्गम बस्तीहरूमा केन्द्रीय प्रसारण लाइनको माध्यमबाट पूर्ण रूपमा विद्युत विस्तार कार्यका लागि बजेट व्यवस्था गरेको छु।
- पालिकाका सबै सेवा तथा कार्यप्रणालीलाई क्रमशः डिजिटलाइजेसन गर्दै प्रभावकारी, पारदर्शी र नागरिकमैत्री डिजिटल सुशासन सुनिश्चित गर्न नीति तथा बजेट व्यवस्था गरेको छु।
- गाउँपालिकाको वस्तुगत स्थितिको तथ्याङ्क संकलन र योजना तर्जुमालाई वैज्ञानिक बनाउन **'डिजिटल पाश्र्वचित्र' (Digital Profile)** निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- **गाउँपालिका मार्फत सञ्चालन हुने रु १० हजार सबै योजनाहरू अनिवार्य रूपमा उपभोक्ता समिति नभई प्रतिस्पर्धात्मक ठेक्का प्रक्रिया मार्फत मात्र कार्यान्वयन गर्ने कानुनी र बजेटरी प्रबन्ध मिलाएको छु।**

**छ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र नागरिकको जीउधनको सुरक्षाका लागि हामीले नवीन र सुरक्षात्मक कार्यक्रमहरू अघि सारेका छौं:

- वन, वातावरण संरक्षण, र जलाधार व्यवस्थापनका बहुआयामिक कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

- नागरिकहरूलाई प्राकृतिक विपद्का घटनाबाट आउने आर्थिक जोखिम न्यूनीकरण र पुनर्स्थापनामा राहत दिन गाउँपालिका भित्रका **प्रत्येक घरधुरीको रु ५ लाख सम्मको घर बीमा नि:शुल्क गर्नका लागि** आवश्यक बजेट व्यवस्था गरेको छु।
- विपद प्रभावित निजी आवासको प्रबलीकरण (Retrofitting), पुनर्निर्माण, तथा पुनःस्थापना कार्यलाई द्रुत गतिमा अगाडि बढाउन विशेष कोष र बजेटको व्यवस्था गरेको छु।
- **स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC)**बाट सूचना संकलन, पूर्वतयारी र तथ्याङ्क अद्यावधिक कार्यलाई चुस्त दुरुस्त बनाई विपद् व्यवस्थापनलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन आवश्यक रकम व्यवस्था गरेको छु।

**सभा अध्यक्षज्यू,**

माथि उल्लिखित क्षेत्रगत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट केदारस्युँ गाउँपालिकामा कृषि उत्पादन र आत्मनिर्भरताको नयाँ युग सुरु हुनेछ। स्थानीय स्तरमै प्रविधि र उद्यमशीलताको विकास भई युवाहरूका लागि रोजगारीका ढोकाहरू खुल्नेछन्। हाम्रो गौरवको आयोजना **'केदार–कैलाश–भैरव–त्रिवेणी (चारधाम) परियोजना'** ले गाउँपालिकालाई पर्यटकीय नक्सामा स्थापित गर्नेछ। शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिएका रूपान्तरणकारी लगानीले मानव विकास सूचकाङ्कमा सुधार ल्याउनेछ भने **रु. ५ लाख सम्मको नि:शुल्क घर बीमा** र विपद् व्यवस्थापनका कार्यक्रमले नागरिकमा स्थानीय सरकारको अभिभावकत्व महसुस गराउनेछ।

बजेट निर्माण गर्नु आफैँमा चुनौतीपूर्ण कार्य हो, तर यसको सफल कार्यान्वयन त्योभन्दा बढी चुनौतीपूर्ण र महत्त्वपूर्ण हुन्छ। यस बजेटको पूर्ण र सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलहरू, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी र सम्पूर्ण केदारस्युँबासी आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरूको सक्रिय सहयोग, समन्वय र प्रतिबद्धताको हार्दिक अपिल गर्दछु।

अन्तमा, यस आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा बहुमूल्य सुझाव, मार्गदर्शन र सल्लाह दिनुहुने आदरणीय गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरू, वडा अध्यक्षहरू, विषयगत समितिका पदाधिकारीहरू, कर्मचारी साथीहरू र प्रत्यक्ष/परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक कृतज्ञताका साथ आभार व्यक्त गर्दछु। **"सक्षम युवा, समृद्ध गाउँ: आत्मनिर्भरताको बलियो पाउ"** भन्ने संकल्पलाई साकार पार्न यो बजेट कोसेढुङ्गा सावित हुने विश्वासका साथ यो बजेट वक्तव्य यहीँ अन्त्य गर्दछु।

**धन्यवाद**

**जय केदारस्युँ, जय केदार !!**

**मनिषा धामी**
**बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक**
**केदारस्युँ गाउँपालिका**

केदारस्युँ गाउँपालिका